# ताप्ली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रुपाटार , उदयपुर
कोशी प्रदेश,नेपाल

ताप्ली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुपाटार, उदयपुर कोशी प्रदेश, नेपाल २०७३

पत्र संख्या :- २०८०/०८१
चलानी नं :- ३३४

मितिः२०८०/७/१५

विषयः प्राविधिक धारमा उच्च शिक्षा अध्ययन छात्रवृत्तीका लागि निवेदन आव्हान

प्रस्तुत विषयमा ताप्ली गाँउपालिका स्तरिय छात्रवृत्ती छनौट तथा व्यवस्थापन समितिको निर्णयानुसार आ.ब २०८०/८१ मा प्राविधिक धारमा (नेपाल सरकारले तोकेका विषयहरुमा ) उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तीका लागि एक शैक्षिक सत्रका लागि तोकिएबमोजिमको छात्रवृत्तीको व्यवस्था भएकोले ताप्ली गाउँपालिकामा स्थायी बसोबास भइ नेपाल सरकार मातहतका शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुले तपसिल बमोजिमको कागजात संलग्न राखी यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र यस ताप्ली गाँउपालिकाको कार्यालयमा निवेदन पेश गर्नका लागि यो सुचना प्रकाशन गरिएको छ। म्याद नाघी आएको र आबश्यक कागजात संलग्न नराखी पेश भएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

निवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरुः

१. छात्रवृत्ती फाराम
२. विद्यार्थीको नेपाली नागरिकताको प्रमाण पत्रको र जन्मदर्ताको प्रमाणित छाँयाकपी
३. सम्पुर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित छाँयाकपी
४. अध्ययनरत शैक्षिक संस्था / विद्यालयको सिफारिस पत्र
५. स्थायी बसोबास रहेको सम्बन्धित वडाको सिफारिस पत्र (विपन्न परिवार सम्बन्धमा )
६. अपाङ्गताको लागि अपाङ्गता खुल्ने परिचयपत्रको प्रतिलिपि
७. आमा बाबूको अवस्था खुल्ने कागजात (मृत्यू, अपाङ्गता विपन्न अवस्था खुल्ने कागजात )
८. आदिवासी जनजातिको लागि आधिकारीक निकायबाट प्राप्त भएको प्रमाणको प्रमाणित प्रतिलिपि (नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचीकृत नभएकाहरुको लागि मात्र )
९. दलित विद्यार्थीको हकमा उक्त थर भएको व्यक्ति दलित जाती हो भनेर आधिकारीक निकायबाट प्राप्त पत्रको प्रमाणित कपि (राष्ट्रिय दलित आयोगमा सुचीकृत नभएकाहरुको लागि मात्र ।

सन्जु कुमारी दाहाल
अधिकृतस्तर सातौँ